कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

निर्णय नं १

महालेखा परिक्षकले पेश गरेको यस नगरपालिकाको आर्थिक वर्ष ०७४/७५ को प्रारम्भिक लेखा परिक्षण प्रतिबेदनमा दफाबार छलफल गरि लेखा परिक्षणमा औल्याएका सल्लाह सुझाब तथा बेरुजुहरु नियमित गरि नगरपालिकाको काम कारबाहीलाई चुस्त दुरुस्त राख्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २

संस्कृति तथा पर्यटन प्रवर्धनको लागि विनियोजित बजेटको सामाजिक विकास समितिले कार्यक्रम छनौट तथा सम्भाव्यता अध्ययन गरि मिति २०७५/१०/०५ गते भित्र नगरपालिकाको कार्यालय पेश गर्ने र कार्यपालिकाको बैठकमा छलफल गरि निर्णय गर्ने निर्णय गरियो ।

निर्णय नं ३

२०७५ सालको थारु माघी महोत्सवको व्याबस्थापनको लागि नगर उप-प्रमुख ज्यूको संयोजकत्वमा तपशिल बमोजिमको महोत्सब समन्वय समिति गठन गरि महोत्सवलाई भव्यताका साथ मनाउने निर्णय गरियो ।

तपिशल

१. सन्जु कुमारी थारु - संयोजक

२. पतिराम थारु - सदस्य

३. तिरथ राम थारु - सदस्य

४. ठाकुर प्रसाद थारु - सदस्य

निर्णय नं ४

यस नगरपालिका क्षेत्र भित्रको दिशा जन्य लेदो ( **FSM** ) व्यवस्थापनको लागि वाताबरण तथा विपद व्यवस्थापन समितिले आवश्यक जमिनको पहिचान गरि आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस कोहलपुर नगरपालिका अन्तर्गत वडा नं. १४ ढोडपुरमा राष्ट्रिय सेवा दलले निः शुल्क स्वास्थ शिविर संचालनको लागि सहयोग माग गरेकोमा आवश्यक पर्ने सामग्रीहरु सरसफाई शीर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं ६

यस नगरपालिका क्षेत्रमा थारु संग्राहलय निर्माणको लागि उपयुक्त स्थान छनौटको लागि सरोकारवालाहरु संग राय लिई प्रतिबेदन पेश गर्न पूर्वाधार विकास समितिलाई जिम्मा दिने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

२०७५/१०/०१

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

निर्णय नं ७

यस कोहलपुर नगरपालिकाको अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ सर्ब सम्मत पारित गरियो ।

निर्णय नं. ८

कोहलपुर नगरपालिका वडा नं. ११ गोलपार्क स्थित घण्टा घरको पूर्व निर्धारित स्टमेटमा काम गर्न विभिन्न कठिनाई भएको हुँदा नयाँ डी .पी .आर .र स्टमेट बनाउने निर्णय गरियो ।

निर्णय नं. ९

कोहलपुर नगरपालिका वडा १५ चंदहवा पेडारीनालाको डी .पी .आर . तयार गर्न परामर्श सेवाबाट सेवा उपलब्ध गराउन परामर्श दाता संग प्रचलित कानुन बमोजिम खरिद प्रक्रिया अगाडी बढाउने गर्ने निर्णय गरियो

निर्णय नं. १०

कोहलपुर नगरपालिकाको फोहोर व्याबस्थांपनको लागि विभिन्न साईजका डस्टविन फोहोर मैला व्याबस्थापन शीर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

मिति २०७५/०९/०४ गते बसेको कोहलपुर नगरपालिका नगर शिक्षा समितीको बैठकका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

कोहलपुर नगरपालिकामा रहेका बिपन्न तथा लोपोन्मुख परिवारलाई एकिकृत आवासको जग्गा खरीदको लागी नगर सभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

अस्थाई प्रहरी चौकी हवल्दारपुरको बिधुत महशुल भुक्तानी गर्न बाँकी रहेको र उक्त रकम भुक्तानीमा सहयोग गरिदिनु भनि अनुरोध गरेकोमा हाल सम्मको बाँकी महशुल बिधुत महशुल शीर्षक बाट भुक्तानी गरि दिने र अब उप्रान्त प्रहरी चौकीले आफै तिर्नुपर्ने निर्णय गरियो ।

निर्णय नं. १४

कोहलपुर नगरपालिका वडा नं. २ स्थित राजस्व चुहावट नियन्त्रण गुल्मलाई सडकको क्षेत्राधिकार भित्र लगाएको काँडे तार हटाउन पटक पटक अनुरोध गर्दा पनि नहटाएकोले उक्त तार हटाउनको लागि जिल्ला प्रशासन कार्यालय बाँके लाई अनुरोध गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)
०७५/०८/२२

निर्णय नं. १५

बिगत आ .व . ०७४/७५ को नगर माता तथा नगर पिता लाई यस आ.ब .०७५/७६ मा पनि निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १६

नगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख भए अनुसार कोहलपुर चौराहामा कोला निर्माण गर्नु पर्ने भएकोले उक्त निर्माण कार्यको लागि दक्ष कालिगड खोजी कार्य संचालन गर्ने निर्णय गरियो

निर्णय नं. १७

नगरपालिकाको कार्यालयले पेश गरेको सडक सोलार बत्तीको दर रेट स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

समाज सेवा संस्था नेपाल , कोहलपुर १४ ले अन्तरराष्ट्रिय बाल दिवसको अवसरमा संचालन गरेको हांजिरी जवाफ प्रतियोगिता कार्यक्रमको भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २०

कोहलपुर नगरपालिका वडा नं. २ मा पर्ने नक्सा नं. ४ (क) ,४ (ङ) र ४ (च) का तपशिलमा उल्लेखित कित्ता नं. का जग्गाहरु २०५७ सालमा मुक्त कमैयाका लागि वितरण गरिएको हाल सम्म कसैले पनि घर टहरा नबनाएको साथै वडा कार्यालयले ३५ दिने सूचना प्रकाशन गर्दा समेत कोहि व्यक्ति सम्पर्कमा नआएकोले उक्त खाली जग्गा नगरपालिकालाई प्रासिको प्रक्रिया अगाडि बढाउनको लागि भुमि सुधार तथा मालपोत कार्यालय ,बाँके लाई अनुरोध गर्ने निर्णय गरियो

| क्रम. स. | नक्सा नं. ४ क | नक्सा नं. ४ च | नक्सा नं. ४(ङ) |
|---|---|---|---|
| कित्ताहरू | ७२६ र७३२ | १,३,४,५,८,९,११,१२,१३,१४,१६,१७ २०,२१,२३,२४,२५,२६,२८,२९,३३,३५,३७,र ४० | ३,४,४३,४६,५८,५९,६८,६९,११७,११७,१२८,१२९,१७५,१७६,१७७,१९५,१९७,२०३,२०४,२०५, २०६,२०७,२०८,२०९,र २१० |

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)
०७५/०८/२२

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

निर्णय नं. २१

यस कोहलपुर नगरपालिकाको कार्यक्रम संचालन सम्बन्धि कार्यविधि , २०७५ सर्बसम्मत पारित गरियो ।

निर्णय नं. २२

यस नगरपालिकामा घ वर्गको निर्माण व्यवसायी इजाजतको लागि रितपुर्बक परेका तपशिलका फर्महरुलाई ईजाजत प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

१. शिव शक्ति प्रिजम निर्माण सेवा कोहलपुर -८ बाँके

२. पुरी कन्स्ट्रक्सन प्रा.लि. कोहलपुर -११ बाँके

३. त्रिपुरा रारा कन्स्ट्रक्सन एंड कन्सल्ट प्रा.लि. कोहलपुर -१० बाँके

४. सामाग्री कन्स्ट्रक्सन प्रा.लि कोहलपुर -१० बाँके

५. डी .एस. निर्माण सेवा कोहलपुर - १ बाँके

निर्णय नं. २३

कोहलपुर नगर स्वास्थ्य ऐन २०७५ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प्रेम प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)